# WIC चेक

WIC आइडी नम्बर

खाद्य सामग्री जसको लागि हो त्यस व्यक्ति वा परिवारको नाम।

यो चेकलाई छिटोमा "भन्दा पहिले काम नलाग्ने" (Not Good Before) मितिमा प्रयोग गर्न सकिन्छ।




यो चेकलाई ढिलोमा "भन्दा पछि काम नलाग्ने" (Not Good After) मितिमा प्रयोग गर्न सकिन्छ।

"ठीक यति भुक्तान गर्नुहोस्" (Pay Exactly) बाकसमा विक्रेताले चेकमा उल्लिखित वस्तुहरूको कुल खरिद मूल्य लेखिदिन्छ।

यो चेक प्रयोग गरेर सहभागीहरूले किन्नुपर्ने खाद्य सामग्रीहरू। किन्नुपर्ने सही खाद्य सामग्रीहरू निश्चय गर्न न्यूयोर्क राज्य, WIC स्वीकार्य खाद्य कार्ड प्रयोग गर्नुहोस्।

"ठीक यति भुक्तान गर्नुहोस्" (Pay Exactly) बाकसमा सही रकम डलर लेखेपछि सहभागी वा प्रतिनिधि व्यक्तिल नीलो वा कालो मसीले हस्ताक्षर गर्ने रेखा।

"ठीक यति भुक्तान गर्नुहोस्" (Pay Exactly) बाकसमा सही डलर रकम लेखेपछि, "*भन्दा पहिले काम नलाग्ने (Not Good Before)*/*भन्दा पछि काम नलाग्ने (Not Good After)*" बाकसमा लेखिएको मितिकै ढाँचामा सहभागी वा प्रतिनिधि व्यक्तिले नीलो वा कालो मसीले मिति लेख्ने रेखा।

# महत्त्वपूर्ण सुझावहरू

- चेकहरूमा मितिलाई महिना/गते/वर्ष ढाँचामा लेख्न सिफारिस गरिन्छ (जस्तै: 04/12/2015)।
- मितिलाई संयुक्त राज्यमा सामान्य रूपमा प्रयोग हुने अन्य ढाँचाहरूमा लेख्दा पनि हुन्छ (जस्तै: 4/12/15, 04/12/15)।
- महिनालाई शब्दमा लेख्नु ठीक हुँदैन (जस्तै: अप्रिल 12, 2015)।
- सहभागी वा प्रतिनिधि व्यक्तिले चेकमा मिति लेख्दा गल्ती गरेमा, सो व्यक्तिले मितिलाई काट्नुपर्छ अनि नामको प्रारम्भिक अक्षरद्वारा हस्ताक्षर गरेर गलत मितिमाथि माथि सही मिति लेख्नुपर्छ।
- चेकमा "मिति" उल्लेख गर्नका लागि डेट स्ट्याम्प अर्थात् तारिख छाप्ने मोहर प्रयोग गर्न पाइँदैन।

**क्यासियरले चेकमा कुल रकम नलेख्दासम्म आफ्ना** WIC चेकहरूमा हस्ताक्षर गर्ने र मिति लेख्ने कार्य नगर्नुहोस्।

1. **सामान किन्नु अघि, तपाईंसँग निम्न कुराहरू छन् भनी सुनिश्चित गर्नुहोस्:**
   - आफ्नो **WIC आइडी कार्ड।**
   - **WIC कार्यक्रमद्वारा स्वीकृत खाद्य कार्ड।**
   - **मान्य मिति भएका तथा हस्ताक्षर नगरिएका तपाईंका WIC चेकहरू।**

2. **किनमेल गर्दा:**
   - चेकमा के-के वस्तुहरू सूचीबद्ध गरिएका छन् ध्यानपूर्वक हेर्नुहोस्।
   - तपाईंको चेकमा भएको **WIC द्वारा स्वीकृत खाद्य सामग्री** छान्नमा मद्दतका लागि WIC कार्यक्रमको स्वीकार्य खाद्य कार्ड प्रयोग गर्नुहोस्।
   - तपाईंले प्रत्येक उत्पादन कतिवटा **(1 कन्टेनर)** र कुन आकारको **(64 आउन्स)** पाउनुहुन्छ भन्ने कुरा तपाईंको WIC चेकमा लेखिएको हुन्छ।

3. **चेकआउट गर्नु अघि:**
   - प्रत्येक **चेकमा खाद्य** सामग्रीहरू सूचीबद्ध गर्न लगाउनुहोस्।

4. **किनमेल गर्दा:**
   - एक्सप्रेस, नगद मात्र वा सेल्फ-चेकआउट लेनहरू प्रयोग नगर्नुहोस्।
   - तपाईंका WIC वस्तुहरूलाई चेक अनुसार समूह बनाएर निरीक्षण अर्थात् चेकआउट काउन्टरमा राख्नुहोस्।
   - यी वस्तुहरूको प्रत्येक समूहको माथि हस्ताक्षर नगरिएको **मिल्दो** WIC चेक राख्नुहोस्।
   - क्यासियरलाई आफूले WIC चेक प्रयोग गर्न चाहेको बताउनुहोस्।
   - आफ्ना WIC चेकहरूमा कहिले पनि अग्रिम हस्ताक्षर नगर्नुहोस्।
   - क्यासियरले **"ठीक यति भुक्तान गर्नुहोस्" (Pay Exactly)** बाकसमा कुल रकम लेखेपछि, **चेकमा नीलो वा कालो मसीले हस्ताक्षर गरी मिति लेख्नुहोस्।**

## तयार हुनुहुन्छ त? निश्चित हुनुहुन्छ नि? त्यसोभए किनमेल सुरु गर्नुहोस्!